समय : १०:०० बजे

स्थान : कनकासुन्दरी गाउँपालिका

मिति : २०७८/११/२०

आजको उल्लेखित समय, स्थान र मितिमा कनकासुन्दरी गाउँपालिकाका अध्यक्ष श्री नरविर रावतज्यूको अध्यक्षतामा देहायका गाउँसभाका सदस्य तथा कर्मचारीहरुको उपस्थितिमा कनकासुन्दरी गाउँपालिकाको आठौ गाउँसभाको अधिबेशन आवहान भई बैठक बसि निम्न निर्णय पारित गरियो।

| सि.न | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नरविर रावत | अध्यक्ष | | |
| २ | श्री उर्मिला खत्री भण्डारी | उपाध्यक्ष | | |
| ३ | श्री तिर्थ बहादुर कठायत | गाउँसभा सचिव | | |
| ४ | श्री हरि बहादुर भण्डारी | अध्यक्ष वडा नं १ | | |
| ५ | श्री शेर बहादुर रावत | अध्यक्ष वडा नं २ | | |
| ६ | श्री मनविर बुढा | अध्यक्ष वडा नं ३ | | |
| ७ | श्री रविलाल आचार्य | अध्यक्ष वडा नं ४ | | |
| ८ | श्री विर्ष बहादुर खत्री | अध्यक्ष वडा नं ५ | | |
| ९ | श्री जग्गी प्रसाद आचार्य | अध्यक्ष वडा नं ६ | | |
| १० | श्री धनजित रोकाया | अध्यक्ष वडा नं ७ | | |
| ११ | श्री रत्नलाल उपाध्याय | अध्यक्ष वडा नं ८ | | |
| १२ | श्री शान्ती बुढा | कार्यपालिका सदस्य | | |
| १३ | श्री धनकौरा आचार्य | कार्यपालिका सदस्य | | |
| १४ | श्री बैशाखी वड | कार्यपालिका सदस्य | | |
| १५ | श्री विजु नेपाली | कार्यपालिका सदस्य | विजु | |
| १६ | श्री गोविन्द बुढा | गाउँसभा सदस्य | | |
| १७ | श्री राम बहादुर कठायत | गाउँसभा सदस्य | | |
| १८ | श्री चिउचल्ली बुढा | गाउँसभा सदस्य | | |
| १९ | श्री नर बहादुर थापा | गाउँसभा सदस्य | | |
| २० | श्री तिलु वि.क | गाउँसभा सदस्य | | |
| २१ | श्री पदम रावत | गाउँसभा सदस्य | | |

| सि.नं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| २२ | श्री डल्ली बुढा | गाउँसभा सदस्य | | |
| २३ | श्री खड्क बुढा | गाउँसभा सदस्य | | |
| २४ | श्री दिल बहादुर बुढा | गाउँसभा सदस्य | | |
| २५ | श्री सिहराज सार्की | गाउँसभा सदस्य | | |
| २६ | श्री छिटु सुनार | गाउँसभा सदस्य | | |
| २७ | श्री पद्मशरण उपाध्याय | गाउँसभा सदस्य | | |
| २८ | श्री सेवाशरण हमाल | गाउँसभा सदस्य | | |
| २९ | श्री जडेनी बडुवाल | गाउँसभा सदस्य | | |
| ३० | श्री चक्र बहादुर पछाई | गाउँसभा सदस्य | | |
| ३१ | श्री नर बहादुर पछाइ | गाउँसभा सदस्य | | |
| ३२ | श्री सुन्चिरा शाही | गाउँसभा सदस्य | | |
| ३३ | श्री दल बहादुर कार्की | गाउँसभा सदस्य | | |
| ३४ | श्री भिम बहादुर खत्री | गाउँसभा सदस्य | | |
| ३५ | श्री झापु जैसी | गाउँसभा सदस्य | | |
| ३६ | श्री भक्त बहादुर बोगटी | गाउँसभा सदस्य | | |
| ३७ | श्री पशुपती खत्री | गाउँसभा सदस्य | पशुपती | |
| ३८ | श्री रामकली सार्की | गाउँसभा सदस्य | | |
| ३९ | श्री पदम बहादुर हमाल | गाउँसभा सदस्य | | |

**निर्णय** नं १ माथी छलफल गर्दा कनकासुन्दरी गाउँपालिकाको आठौ गाउँसभाबाट तपशिल बमोजिकका ऐन, कार्यविधि, नियमावलि तथा मापदण्डहरु सर्ब सम्मती रुपमा पारित गर्ने निर्णय गरीयो ।

तपशिल

१ कनकासुन्दरी गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७८

२ कनकासुन्दरी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७८

३ सामुदायीक कृषि प्रसार सेवा केन्द्रको विधान २०७८

४ कनकासुन्दरी गाउँपालिका न्यायीक समिति ( कार्यविधि सम्बन्धि) ऐन २०७८

५ कनकासुन्दरी गाउँपालिका मेलमिलाप केन्द्र सन्चालन सम्बन्धि कार्यविधि २०७८

६ कनकासुन्दरी गाउँपालिकाको सामाजिक समावेशीकरण निति २०७८

७ कनकासुन्दरी गाउँपालिकाको  गाउँ शिक्षा योजना २०७८

**निर्णय** नं २ माथि छलफल गर्दा गाउँपालिकाको बैठक मार्फत यस कनकासुन्दरी गाउँपालिकाका विभिन्न वडा तथा गाउँपालिकाका तपशिलमा उल्लेखित योजनाहरु संसोधन तथा रकमान्तरको लागी माग भई आएकाले उक्त योजनाहरु संसोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।

तपशिल

| सि नं | साविक योजनाहरु | ठेगाना | संसोधित योजनाहरुक | रकम |
|---|---|---|---|---|
| १ | पाण्डवसेरा ग्रामिण सडक निर्माण | वडा न ८ | पाण्डुसेरा पि सि सि बाटो निर्माण | ५००००० (पाँच लाख) |
| २ | पाण्डवगुफा मा वि पर्खाल घेरबार | वडा नं ८ | पाण्डवगुफा मा वि लाई आन्तरिक व्यवस्थापन | ५००००० (पाँच लाख) |
| ३ | हिमा आधारभुत विद्यालय खानेपानी निर्माण | वडा नं ५ | हिमा आ वि घेरबार निर्माण | २००००० (दुई लाख) |
| ४ | लक्षित वर्ग सिपमुलक तथा क्षेमता विकास | वडा नं १ | काँचौर खानेपानी रिया | ५२५००० |
| ५ | लक्षित वर्ग | वडा नं १ | सिप्टी महादेव मन्दिर निर्माण | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| ६ | विविध तथा समपुरक | वडा नं १ | धुपिरुख देखि बुढाबाडा सम्म बाटो मर्मत | १०००००० |
| ७ | जुकुमुल खानेपानि निर्माण | वडा नं ८ | ढोली गाउँ देखि भट्ट भण्डारीबाडा गाउँ जाने बाटो निर्माण | |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रका लागी निर्माण सामाग्री तथा हाते औजार खरिद | गा पा | वडा नं ३ गौरीमा वत्ति मर्मत<br>आ. बि. लेकपोर फर्निचर खरिद | ५०००००<br>५००००० |
| ९ | मथुरा खानेपानी निर्माण | वडा नं ७ | काफलडाँडा देखी द्धारपाटा जाने सडक निर्माण २५०००० | २५००००।- (दुई लाख पचास हजार) |
| १० | तालपोखरी निर्माण योजना | वडा नं ६ | शिव मन्दिर निर्माण योजना २५००००+ २०००००० | |
| ११ | समपुरक कोष | वडा नं ७ | वडा कार्यालयको DPR ४५०००० कुटानी पिसानी मिल र ट्याक्टर ७५०००० | |
| १२ | लक्षीतको सिपमुलक तथा क्षमता विकास | वडा नं ७ | जेष्ठनागरीक सम्मान कार्यक्रम | |
| १३ | काठे पुल निर्माण | वडा नं ७ | कनकासुन्दरीमा घण्टा चढाउने | २०,०००।- (बिस हजार) |
| १४ | स्वागतद्धार निर्माण | वडा नं ५ | पाटन रंगशाला जाने बाटो | २०००००।- (दुई लाख) |
| १५ | इ प्र का हाटसिँजा कार्पेट खरिद | वडा नं ४ | इ प्र का हाटसिंजा कुर्चि खरिद | २०००० |

निर्णय नं ३ चालु आ व ०७८/०७९ अन्तर्गत प्रधानमन्त्रि रोजगार कार्यक्रम सञ्चालनको लागी वडा बाट पेश भई आएका तपशिलका योजनाहरु कार्यन्वयनको लागी आठौं गाउँसभाबाट अनुमोदन गरियो ।

तपशिल

| क्रस | योजनाको नाम | ठेगाना | बजेट |
|---|---|---|---|
| १ | न्याउर देखि भिउनाउला सम्म बाटो निर्माण | वडा नं १ | ९७२००० |
| २ | ठाट डाँडा देखी ढोकाखाडा सम्म बाटो निर्माण | वडा नं २ | ९७२००० |
| ३ | लुम गाउँ देखि पटौटी सम्म बाटो निर्माण | वडा नं ३ | ३००००० |
| ४ | फुटासिली देखी गोठेलबाडा सम्म बाटो निर्माण | वडा नं ३ | ६७२००० |
| ५ | घट्टे खोला देखी भैलेपाट विद्यालय सम्म बाटो निर्माण | वडा नं ४ | ५००००० |
| ६ | थारमाली खानेपानी योजना निर्माण ( UNICEF /wash प्रोग्राम साझेदारी ) | वडा नं ४ | ४००००० |
| ७ | आ वि धोविघाट पर्खाल निर्माण | वडा नं ४ | ४७२००० |
| ८ | राजी खत्रीको घर देखी कैलास माडी हाइवय सम्म बाटो निर्माण | वडा नं ५ | ९७२००० |
| ९ | राजमार्ग हंश पछाइको घर चौतारा हुदै साउने पछाईको घर सम्म बाटो निर्माण | वडा नं ६ | ९७२००० |
| १० | रोकायावाडा, देहारपाटा, रानिशैन जाने बाटो निर्माण | वडा नं ७ | ९७२००० |
| ११ | कोटघर मा वि खेलमैदान तथा पर्खाल निर्माण | वडा नं ८ | ३७२००० |
| १२ | कृष्णचन्द्र संज्यालको घर देखि लाटो मस्टाको थान हुदै ल्वारको खेत सम्म बाटो निर्माण | वडा नं ८ | ६००००० |

निर्णय नं ४ यस कनकासुन्दरी गाउँपालिका अन्तरगत वडा नं ४ मा रहेको लेखपोर का बासीन्दा हरुले हाल कायम रहेको वडा नं ४ बाट प्रशासनिक सेवा सुविधा लिनलाई भौगोलिक रुपमा टाढा रहेकोले वडा विभाजन गरी पाउँ भनी दिएको निवेदन गाउकार्यपालिकाको बैठक मार्फत आजको गाउँसभामा पेश भएकोमा सो क्षेत्रका बासिन्दाहरुको माग उचित देखिएकोले सो वडा विभाजनको लागी प्रदेश सरकार मार्फत संघिय सरकारमा अनुमोदन गरी पठाउने निर्णय गरियो

निर्णय नं ५ यस कनकासुन्दरी गाउँपालिकाको केन्द्र तोक्ने बिषयमा प्राप्त हुन आएको प्रस्तावहरुलाई निर्णयार्थ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ६ कनकासुन्दरी गाउँपालिकाको केन्द्र तोक्ने बिषयका २ वटा प्रस्ताबहरु क्रमश वडा नं ६ गोठीज्यूला बजारको गाडतर्ना भन्ने ठाउ र वडा नं ५ को लुड्कु गाउँमा राख्ने बिषयमा आजको आठौ सभामा छलफल गरी मतदान गरिएकोमा वडा नं ६ गोठीज्यूला बजारको गाडतर्ना भन्ने ठाउको पक्षमा ३१ मत र वडा नं ५ को लुड्कु गाउँको पक्षमा २ मत प्राप्त हुन आएकाले गाउँपालिकाको केन्द्र वडा नं ६ को गोठीज्यूला बजारको गाडतर्नाको पक्षमा हाल कायम ३८ जना गाउँसभा सदस्यहरुको दुईतिहाईको बहुमत देखिन आएकोले गाउँपालिकाको केन्द्र वडा नं ६ को गोठीज्यूला बजारको गाडतर्ना भन्ने स्थानमा तोक्ने निर्णय गरियो ।

निर्णय नं ७ कनकासुन्दरी गाउँपालिकाको केन्द्रका लागी जुम्ला जिल्ला कनकासुन्दरी गाउँपालिका वडा नं ५ बस्ने रामु प्रसाद न्यौपानेले नक्सा नं ६ क कि. न. ९१६ को ८०३ बर्गमिटर बाट ५०० बर्गमिटर र कनकासुन्दरी गाउँपालिका वडा नं ३ बस्ने पुन्न बहादुर बुढाले नक्सा नं ६ क कि न ७३४ र ७३५ को कुल क्षेत्रफल ८५० बर्गमिटर बाट ५०० बर्गमिटर गाउँपालिकालाई निशुल्क रुपमा जग्गा दान दिन मन्जुर गरेकोले सो जग्गाहरु गाउँपालिकाले ग्रहण गर्नलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ८ यस कनकासुन्दरी गाउँपालिकालाई निशुल्क रुपमा दानमा प्राप्त हुन आएका जग्गाहरु यथासिघ्र सम्बन्धित निकायमा गई गाउँपालिकाका नाममा जग्गा प्राप्ति ऐन अनुसार राजिनामा पारित गरी दिनहुन जग्गाधनीहरु लाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ९ नगरपालिका तथा गाउँपालिका केन्द्र निर्धारण मापदण्ड अनुसार गाउँपालिकाको केन्द्र तोकिएको स्थानमा गाउँपालिकाका लागी ६ रोपनी जग्गा हुनुपर्ने कानुनी प्रावधान रहेको भएता पनी हाल केन्द्र तोकिएको स्थानमा जग्गा नपुग हुने देखिएता पनी केन्द्र तोकिएको स्थान राष्ट्रिय राजमार्ग संग जोडीएको पालिकाका अधिकाश जनसंख्याको लागी पायक पर्ने पानी, विद्युत, सबै सेवाको पहुच पुगेको, पालिकाको प्रमुख बजार क्षेत्र पालिका केन्द्रका लागी भएको मतदानमा दुई तिहाई बहुमत समेत प्राप्त हुन आएको , मिति २०७८।११।०६ गते बसेको गाउँकार्यपालिकाको बैठकले गठन गरेको केन्द्र निर्धारणमा समन्वय तथा सहजीकरण समितिको राय सुझाब, सातौ गाउँसभामा केन्द्र तोक्ने विषयमा विवाद भई आपसी झडपका कारण गाउसभा सदस्य समेत घाइते भई उपचारथ रहेको अबस्था र गाउँपालिकाले हाल सम्म भाडामा सेवा दिइरहेको स्थललाई मध्यनजर गरी गाउँपालिकाको केन्द्र यस कनकासुन्दरी गाउँपालिका वडा नं ६ को गाडतर्ना भन्ने स्थानमा केन्द्र तोकिएमा मापदण्ड अनुसारको जग्गा प्राप्ति गर्ने तर्फ गाउँपालिकाले आवश्यक पहल गर्न लाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १० यस कनकासुन्दरी गाउँपालिकाको केन्द्र यस गाउँपालिकाको वडा नं ६ को गाडतर्ना भन्ने स्थलमा तोकिएकोले सो को जानकारी प्रदेश सरकार तथा संघिय सरकारमा पठाउने निर्णय गरियो ।

निर्णय नं ११ यस कनकासुन्दरी गाउँपालिका केन्द्रका लागी निशुल्क रुपमा जग्गा दान दिने जग्गाधनीहरु लाई धन्यवाद सहितको सिलालेख राख्ने व्यावस्था गर्न लाई गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १२ यस कनकासुन्दरी गाउँपालिकाको केन्द्र तोकिएको स्थान वडा नं ६ को गाडतर्ना भन्ने स्थानमा अन्य जग्गाधनीहरुले पनी गाउँपालिकालाई थप जग्गा दिन मञ्जुर रहेका र हाल बेपार व्यावसाय एंवम रोजगारीको शिलशिलामा जिल्ला बाहीर रहेका कारण तत्काल जग्गा प्राप्त गर्न नसकेपनी निजहरु पालिकामा उपस्थित भएका वखत जग्गा प्राप्ती गर्ने तर्फ गाउँपालिकाले आवश्यक पहल गर्नलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १३ संघिय सरकार तथा प्रदेश सरकारबाट गाउँपालिका सँग समन्वय नगरी आफु खुसी योजनाहरु पठाउने र भएका योजनाहरु को रकम निकासा समयमा नभई आ.ब. को अन्तिम समयमा प्राप्त हुने व्यावस्था निरुत्साहित गर्नलाई संघिय सरकार तथा प्रदेश सरकारलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं १४ कोभिड १९ का कारण विगत आ. ब. मा ठेक्का सम्झौता भई कार्य सम्पन्न नभएका तर ठेक्काको म्याद थप भएका योजनाहरुको थप रकम निकासा हाल सम्म पनि प्राप्त नभएकाले प्रदेश सरकार तथा संघिय सरकारमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं १५ यस कनकासुन्दरी गाउँपालिकामा हाल सम्म पनि बिशेषज्ञ चिकित्सक नभई चिकित्सयीय सेवा बाट नागरीक बन्चित रहेको अबस्था लाई मध्य नजर गरी विशेषज्ञ चिकित्सकका लागी प्रदेश सरकार तथा संघिय सरकार समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्णय नं १६ यस कनकासुन्दरी गाउँपालिकाको वडा नं ४ हाडसिजामा १५ शैयाको १८ करोडमा अस्पताल निर्माण कार्यको खरिद प्रकृया पुरा भई ठेक्का सम्झौता समेत भइसकेकोमा हाल अस्पताल निर्माणमा रु १५००००० (एक करोड पचास लाख) रकम विनियोजन भई आएको र सो रकम ठेकेदारलाई मोविलाइजेशन वापतको रकम निकास गर्नलाई समेत नपुग हुने भएकाले थप रकम निकासाको लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १७** यस कनकासुन्दरी गाउँपालिकाका विभिन्न स्थानमा झुलुङ्गे पुल निर्माणमा रु ४०००००० (चालिस लाख) मात्र बजेट विनियोजन भएकोमा सो रकम एकदमै न्यून भएकाले झो. पु. निर्माणमा थप रकम निकास गरी दिनुहुन संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय झुलुङ्गे पुल महाशाखामा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १८** यस कनकासुन्दरी गाउँपालिकाको केन्द्र तोकिएको जग्गामा गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागी गाउँपालिकाले DPR तयार गरी भवन निर्माणमा रकम निकासाका लागी प्रदेश सरकार तथा संघिय सरकारमा माग गरी पठाउन लाई गाउँपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १९** यस कनकासुन्दरी गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागी रु ८०००००० असी लाख बजेट विनियोजन भएकोमा गाउँपालिकाको प्रशासनिक भवनको DPR निर्माण लगायत खरिद प्रकृया अवलम्बन गर्नलाई समय लागी उक्त रकम यसै आर्थिक बर्ष भित्र खर्च गर्न नसकिने भएकाले उक्त रकम पालिका भित्रका अति आवश्यक तत्काल निर्माण गर्न सकिने योजनाहरुमा गाउँकार्यपालिकाको निर्णय बमोजिम खर्च गर्नलाई गाउँकार्यपालिका लाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं २०** यसपालिका भित्रका स्वास्थ्य सस्थामा स्टेचर, विरामी बेड, ह्विल चियर, लगायत स्वास्थ्य सामाग्री औषधी उपकरण अभाव देखिएकाले गाउँपालिकाको स्वास्थ्य शाखा श्रोतले गर्न सकिने मा स्वास्थ्य शाखाले तत्काल खरिद प्रकृया गर्ने तथा श्रोत साधनले नपुग्ने अवस्थामा गाउँपालिका भित्र कामगर्ने सरकारी एव गैर सरकारी संघ सस्थालाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २१** यस कनकासुन्दरी गाउँपालिका भित्र अबस्थित बालबालिकाहरु अझै कुपोषणको शिकार भईरहेको अवस्थालाई मध्यनजर गर्दै पोषण विशेष कार्यक्रमलाई अझै निरन्तरता रुपमा संचालनका लागी संघिय सरकार एंव प्रदेश सरकार लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं २२** कनकासुन्दरी गाउँपालिका वडा नं ८ कोटघर पक्की पुलको DPR अनुसार करिव १७ करोड बराबरको रकम लाग्ने भएको र उक्त पुल निर्माणमा प्रदेश सरकार र गाउँपालिकाको समपुरक कोषमा रु १८०००००० ( एक करोड असी लाख ) मात्र बजेट भएकाले थप रकम गाउँपालिकाको श्रोतबाट धान्न सक्ने अबस्था नरहेकोले थप रकम निकासाको लागी प्रदेश सरकार र संघिय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं २३ यस कनकासुन्दरी गाउँपालिकाको आठौ गाउँसभामा पाल्नुहुने प्रमुख अथिती विशेष अथिती अथिती पत्रकार र गाउँसभा सम्पन्न गर्न लाई अहम भुमिका निर्वाह गर्ने कर्मचारीहरु सबैलाई धन्यवाद दिने निर्णय गरियो।